

# ११ सपनाहरुका गुरु यूसुफ

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ३७; मत्ती २०:२६,२७; प्रेरित ७:९, उत्पत्ति ३८; उत्पत्ति ३९ र उत्पत्ति ४०:१-४१:३६।

***यस अध्यायको मूल सार पद:*** **"तिनीहरूले एक आपसमा भने, 'लौ हेर सपना देख्ने आइरहेको छ!" (उत्पत्ति ३७:१९ रूपान्तरित)।**

यूसुफको कथा समेतिएर उत्पत्तिको पुस्तक अन्त हुन्छ (उत्पत्ति ३७-५०)। आफ्नो बाबुको घरमा रहँदा उनले देखेका सपनाहरू (उत्पत्ति ३७:१-११)देखि मिश्र देशमा उनको मृत्यु (उत्पत्ति ५०:२६)सम्मको विवरण यस अध्याय र बाँकि अध्यायहरूमा हामीले हेर्नेछौं। उत्पत्तिको पुस्तकमा उल्लेख गरिएका पूर्खा वा विश्वासका अगुवाहरूको बृतान्तहरूमा यूसुफको कथाले धेरै ठाउँ ओगटेको छ। याकूबका बाऱ्ह जना छोराहरूमा यूसुफ एक जना भएतापनि बाइबलमा उनलाई महान् अग्रजको रूपमा प्रस्तुत गरिएको छ। उनी अब्राहम, इसहाक र याकूबको पङ्क्तिमा छन्।

यूसुफको जीवनीमा दुई अत्यन्तै उल्लेखनीय ईश्वरीय ज्ञानका सत्यहरू हामीले हेर्नेछौं: पहिलो, परमेश्वरले आफ्ना प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ; दोस्रोमा, खराब तत्वहरूलाई उहाँले असलमा परिणत गर्नुहुन्छ।

सुरुको बालककालको जीवनको बारेमा यस अध्यायमा हामी हेर्नेछौं। उनी याकूबको अत्यन्तै प्यारो छोरो हो। उनको बोलाउने नाउँ ba’alhakhalomot बालखालोमोट हो जसको अर्थ "स्वप्न-दर्शी" (उत्पत्ति ३७:१९)। अझ त्यसको अक्षरसमा भन्ने हो भने "सपना देख्नेहरूका गुरु" वा "सपनाको गुरु" भन्ने अर्थ लाग्छ। त्यसको अर्थ सपनाहरूमा उनी विशेषज्ञ वा सिपालु भन्ने बुझाउँछ। उनलाई दिएको यो नाउँ अत्यन्तै उपयुक्त छ, किनभने उनको जीवनमा उनले सपनाहरू देख्ने, तिनीहरूको अर्थ बुझ्ने र तिनीहरूले

दिएको भविष्यवाणीको अर्थ खुलाउनेमात्र होइन, तिनीहरूलाई उनले आफ्नै जीवनमा पूरा गरेर देखाएका थिए। मानिसहरू जतिसुकै दुष्ट, खराब भएतापनि वा तिनीहरूको हृदयमा अरूहरूप्रति जतिसुकै खराब नियत भएतापनि, परमेश्वरले आफ्नो इच्छा पूरा गर्न उहाँ कतिबद्ध हुनुहुन्छ भन्ने सन्देश हामीले उत्पत्तिका बाँकि अध्यायहरूमा नियाल्नेछौं।

## १. परिवारमा कलहहरू

अनेकौं उतरचढावपछि आखिरमा याकूब कनान देशमा घरजम गरेर बस्दछन्। जुन कनान भूमिमा याकूब रहेका थिए (उत्पत्ति ३७:१) त्यो देशमा इसहाक केवल "पाहुना, पराइ वा विदेशी" भएर बसेका थिए। जब याकूब त्यस भूमिमा स्थायी बसोबास गर्न थाले तब उनले धेरै समस्याहरूको सामना गर्नुपर्‍यो। ती समस्याहरू कनानी छिमेकीहरूबाट नआएर आफ्नै घरबाट आएका थिए। ती समस्याहरूमा केवल कसले कुन जग्गा ओगट्ने वा कुन इनार कसको हुने भन्नेमात्र नभएर आत्मिक संघर्षहरू पनि याकूले खप्नुपरेको थियो।

**उत्पत्ति ३७:१-११ पढ्नुहोस्। याकूबको परिवारले कस्तो गति लियो जसले गर्दा यूसुफका दाजुहरूले उनलाई घृणा गर्न थाले वा पटक्कै मनपराउन छोडे? हेर्नुहोस्, "१ याकूब आफ्ना बाबुले बसोबास गरेको कनान देशमा बस्थे। २ याकूबको वृत्तान्त यही हो। योसेफ सत्र वर्षका हुँदा तिनका दाजुहरूसँग भेड़ाबाख्राहरूका बगाल चराउँथे। एक दिन तिनले आफ्ना पिताका पत्नीहरू बिल्हा र जिल्पाका छोराहरूको खराब व्यवहारको कुरा आफ्ना बाबुकहाँ ल्याए। ३ आफ्नो बुढ़ेसकालका छोरा भएकाले इस्राएलले अरू छोराहरूलाई भन्दा योसेफलाई बढ़ी माया गर्थे, र तिनले योसेफको निम्ति राम्रा बुट्टाहरू भएको एउटा लामो लबेदा बनाइदिए। ४ तर तिनका बाबुले अरू दाजुभाइहरूलाई भन्दा तिनलाई बढ़ी माया गरेका देखी तिनका दाजुहरूले तिनीसित दुश्मनी राखे र तिनीसँग राम्ररी बोल्दैनथे। ५ एक पल्ट योसेफले एउटा सपना देखे। तिनले त्यो सपना आफ्ना दाजुहरूलाई भनेपछि तिनीहरू उनीसँग झन् बढ़ी दुश्मनी राख्न लागे। ६ तिनले उनीहरूलाई भने, "मैले देखेको सपना सुन्नुहोस्। हामीहरू खेतमा अन्नका बिटा बाँधिरहेका थियौं। ७ मेरो बिटाचाहिँ ठाड़ो भयो, र तपाईंहरूका बिटाहरू त्यसका चारैतिर जम्मा भएर मेरो बिटालाई दण्डवत् गरे।" ८ तिनका दाजुहरूले तिनलाई भने, "के तँ हामीमाथि राज्य गर्ने भइस्? के तेरो प्रभुत्व हामीमाथि हुने भयो?" अनि तिनको सपना र तिनका कुराहरूको**

**कारणले उनीहरूले तिनीसँग झन् दुश्मनी राखे। ९ तब तिनले अर्को सपना देखे र तिनका दाजुहरूलाई यसो भनेर बताए, "सुन्नुहोस्, मैले अर्को सपना देखें। सूर्य, चन्द्र र एघार वटा ताराले मलाई दण्डवत् गरिरहेका थिए।" १० जब तिनले आफ्ना बाबु र दाजुहरूलाई यो सपना बताए, तब तिनका बाबुले तिनलाई हप्काएर भने, "तैंले देखेको यो सपना के हो? के साँच्ची नै म र तेरी आमा र तेरा दाजुहरू आएर भूइँसम्मै झुकेर तँलाई ढोगिदिने?" ११ तब तिनका दाजुहरूले तिनलाई डाह गर्न लागे। तर तिनका बाबुले चाहिँ यी कुरा मनैमा राखे।"**

यस वृतान्तको सुरुमा हामी पढ्छौं कि यूसुफ उनको बाबु याकूबको बुढेस कालको छोरो (उत्पत्ति ३७:३) भएकोले उनको सम्बन्ध बाबुसँग विशेष थियो। अरू दाजुहरूलाई भन्दा याकूबले उनलाई धेरै मन पराएका थिए (उत्पत्ति ३७:४)। याकूबको प्यारो छोरो भएकोले उनले यूसूफलाई विशेष कोट बनाएर पहिऱ्याएका थिए। त्यो कोट विभिन्न रङ्गहरूभएकोले आकर्षित कोट थियो (उत्पत्ति ३७:३)। उनले लगाएको कोट राजकुमारले लगाँउथ्यो (२ शमूएल १३:१८)। यूसुफ जो कि आफ्नो मनपर्ने राहेलको छोरो भएकोले याकूबले मनमनै उनलाई जेठा छोराको अधिकार दिने आशय भएको आभास् पाइन्छ।

याकूबको चाहना भविष्यले पूरा गरेको देखाउँछ। उनले आखिरमा आएर जेठो छोरोका अधिकारहरू पाउँदछन् ("अनि यहूदा आफ्ना भाइहरूमध्ये सबैभन्दा बलिया भए पनि, र तिनीबाट एउटा शासक आए तापनि ज्येष्ठ अधिकार योसेफको नै भयो"१ इतिहास ५:२)। त्यसैकारण, यूसुफका दाजुहरूले उनीप्रति अत्यन्तै घृणा र डाह गरेको थिए। यतिसम्म कि तिनीहरूले उनीसँग राम्ररी बोलचाल पनि गर्दैनथे (उत्पत्ति ३७:४)।

अझ यूसुफले आफ्ना दाजुहरूको आपत्तीजनक व्यवहारहरूलाई उनको बुबालाई सुनाउँथे (उत्पत्ति ३७:२)। यस्तो बानी कसले मनपराउँछ र?

झन जब यूसुफले आफ्नो दाजुहरूलाई उनले सपना देखेको कुरा बताए तब आगोमा घ्यु थपेकै जस्तै हुन पुग्यो। उनका दाजुहरूले उनलाई उच्च पदमा राख्ने परमेश्वरको इच्छा भएको आभास् पाएपछि उनलाई अझ धेरै घृणा गर्न थाले। उनले देखेको सपनाले स्पष्ट भविष्यवाणी गर्छ भनेर प्रमाणित गर्न उनले त्यही खालको सपना दुई पल्ट देखेका थिए (उत्पत्ति ४१:३२)। "कस्तो खालको सपना देखेको हो तिमीले" भनेर याकूबले सबैको

अगाडि गालि गरेतापनि (उत्पत्ति ३७:१०) त्यो सपनालाई आफ्नो मनमै राखे। यसको अर्थ र यो कसरी पूरा हुने हो भन्ने **कुरामा** सायद उनले सोचेका होलान् (उत्पत्ति ३७:११)। उनले देखेको सपनाहरूको केही न केही अर्थ हुनैपर्छ भन्ने कुरो याकूबको मनमा नभएको होइन। त्यसैबेला उनलाई केही थाहा नभएतापनि उनको सोच ठिकै थियो।

**देहायका पदहरू पढ्नुहोस्। विशेष गरेर पद २६,२७मा के निर्णायक विषय प्रकट गरिएको छ र हाम्रै जीवनमा त्यसलाई कसरी लागु गर्न सक्दछौं? हेर्नुहोस्, "२० तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँड़ा टेकी उहाँसँग बिन्ती गरिन्। २१ उहाँले तिनलाई सोध्नुभयो, "तिमी के चाहन्छ्यौ?" तिनले उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।" २२ तर येशूले जवाफ दिनुभयो, "तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ?" तिनीहरूले भने, "सक्छौं।" २३ उहाँले भन्नुभयो, "मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।" २४ यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो" (मत्ती** २०:२०-२८)।

## २. यूसुफमाथि आक्रमण

यूसुफका दाजुहरूले उनमाथि जघन्य अपराध गरेपछि के के भयो सो बुझ्न हामीलाई सा-हो छैन। तपाईं हामीलाई थाहा भएकै कुरो हो कि यदि हामीले कसैलाई घृणा गर्छौं, हृदयदेखि नै रिसइबि राख्छौं, प्रतिशोधको भावनाहरूमा पौडि खेलिरहेका हुन्छौं, तब त्यसले ढिलो वा चाँडो कुनै न कुनै किसिमको कठिनाइमा हामीलाई पार्नतिर दो-याउँछ।

यूसुफको मामिलाले यसलाई पुष्टि गर्दछ।

उत्पत्ति ३७:१२-३६ पढ्नुहोस्। यदि कसैको हृदयमा रिसइबि, डाहा, प्रतिशोधको भावना, अरूलाई दवाउने दमन नीति जस्ता खराब तत्वहरूले दिमागमा राज गरिरहेको हुन्छ, त्यो कतिको खतरनाक र दुष्ट रहेछ भनेर यस अंशले हामीलाई कसरी सिकाउँदछ? हेर्नुहोस्, "१२ एक पल्ट तिनका दाजुहरू आफ्ना बाबुका बगालहरू शकेममा चराउन गएका थिए। १३ र इस्राएलले योसेफलाई भने, "तेरा दाजुहरू शकेममा भेड़ाहरू चराइरहेका छन्। आइज, म तँलाई उनीहरूकहाँ पठाउँछु।" योसेफले भने, "म तयार छु।" १४ इस्राएलले तिनलाई भने, "गएर हेर्, तेरा दाजुहरू र भेड़ाबाखाहरू राम्रै छन् कि छैनन्। अनि मकहाँ समाचार ले।" तब इस्राएलले तिनलाई हेब्रोनको बेँसीबाट शकेममा पठाए। योसेफ त्यहाँ आइपुगेपछि १५ एक जना मानिसले तिनलाई खेतमा डुलिरहेका भेट्टायो। त्यस मानिसले तिनलाई सोध्यो, "तिमी कसलाई खोज्दैछौ?" १६ तिनले भने, "म मेरा दाजुहरूलाई खोज्दैछु। दया गरी मलाई भन्नुहोस्, उनीहरू बगाल कहाँ चराउँदैछन्?" १७ त्यस मानिसले भन्यो, "उनीहरू त यहाँबाट गए, किनभने उनीहरूले 'हामी दोतानतिर जाऔं' भनिरहेका मैले सुनेको थिएँ।" यसैले आफ्ना दाजुहरूलाई खोज्दैगएर योसेफले उनीहरूलाई दोतानमा भेट्टाए। १८ उनीहरूले तिनलाई टाढ़ैमा आइरहेका देखे, र तिनी उनीहरूका नजिक आइपुग्नुभन्दा अघि नै तिनलाई मार्ने उनीहरूले मतो गरे। उनीहरूले आपसमा भने, "त्यो स्वप्न-दर्शी आउँदैछ। १९ लौ, अब हामी त्यसलाई मारेर एउटा खाड़लमा फालिदिऔं। २० 'जङ्गली पशुले त्यसलाई खाएछ क्यारे' भनी हामी भनौं, र त्यसका सपनाहरू के हुँदारहेछन्, हेरौंला।" २१ यो सुनेर रूबेनले यसो भनेर उनीहरूका हातबाट तिनलाई बचाउन खोजे, "हामीले त्यसको ज्यानै त लिनुहुँदैन।" २२ रूबेनले उनीहरूलाई भने, "रक्तपातचाहिँ नगरौं। यहाँ मरुभूमिको यस खाल्डोमा त्यसलाई फालिदिऔं। तर त्यसमाथि हातचाहिँ नउठाऔं।" उनीहरूका हातबाट बचाएर योसेफलाई आफ्ना बाबुकहाँ पुऱ्याइदिने हेतुले रूबेनले यसो भनेका थिए। २३ यसैले जब योसेफ आफ्ना दाजुहरूकहाँ आइपुगे तब तिनले लाएका राम्रा बुट्टाहरू भएको त्यो लामो लबेदा उनीहरूले फुकालेर खोसे। २४ अनि उनीहरूले तिनलाई समातेर एउटा गहिरो खाल्डोमा फालिदिए। त्यो पानी नभएको सुक्खा खाल्डो थियो। २५ जसै उनीहरू खान बसे, उनीहरूले यसो मास्तिर हेरे र मिश्रतिर सुगन्धित मसला, लेप र मूर्र ऊँटहरूमा लादेर लगिरहेका गिलादबाट आएको एक इश्माएली यात्री दललाई

देखे। २६ तब यहूदाले आफ्ना दाजुभाइहरूलाई भने, “हामीले आफ्नो भाइलाई मारेर त्यसको रगत लुकाएर हामीलाई के फाइदा हुन्छ र? २७ आओ, अब त्यसलाई इश्माएलीहरूका हातमा बेचिदिऔं। हामी त्यसमाथि हातचाहिँ नउठाऔं। किनकि त्यो हाम्रै भाइ, हाम्रै जीउजस्तै हो।” उनका दाजुभाइहरूले उनको कुरा माने। २८ यसकारण जब मिद्यानी व्यापारीहरू त्यही बाटो भएर आए, तब योसेफका दाजुहरूले तिनलाई खाल्डोबाट तानी निकालेर ती इश्माएलीहरूका हातमा चाँदीका बीस सिक्कामा बेचिदिए। अनि तिनीहरूले योसेफलाई मिश्रमा लगे। २९ जब रूबेन खाल्डोमा फर्के तब योसेफलाई त्यस खाल्डोमा नदेख्दा उनले आफ्ना लुगा च्याते, ३० र भाइहरूकहाँ गएर भने, “केटो त छैन त? अब म कहाँ जाऊँ?” ३१ तब उनीहरूले एउटा बोका मारेर योसेफको लबेदा त्यस रगतमा चोपे। ३२ अनि त्यो राम्रा बुट्टाहरू भएको लबेदा उनीहरूले आफ्ना बाबुकहाँ ल्याएर भने, “यो हामीले भेट्टायौं। हेर्नुहोस् त, यो तपाईंको छोराको हो कि होइन?” ३३ इस्राएलले त्यो लुगा चिनेर भने, “यो त मेरो छोराकै लबेदा हो। जङ्गली पशुले त्यसलाई खाएछ क्यारे! निस्सन्देह योसेफलाई धुजाधुजा पा-यो होला।” ३४ तब याकूबले आफ्ना लुगा च्याते, र तिनले आफ्नो कम्मरमा भाङ्ग्रा लाएर आफ्ना छोराको निम्ति धेरै दिनसम्म शोक गरे। ३५ तिनका सबै छोराछोरीहरूले तिनलाई सान्त्वना दिने प्रयत्न गरे, तर तिनलाई शान्ति भएन। तिनले भने, “अँहँ, यो मेरो शोकमा नै म मेरो छोराकहाँ चिहानमा जानेछु।” यसरी योसेफका बाबुले तिनको निम्ति बिलौना गरे। ३६ यसै बीचमा मिद्यानीहरूले योसेफलाई मिश्रमा फारोका एक जना अधिकृत पोतीफरको हातमा बेचिदिए" (उत्पत्ति ३७:१२-३६)।

आफ्ना बाबुको अत्यन्तै मनपर्ने छोरो भएकोलेमात्र होइन परमेश्वरको निगाहा यूसुफमाथि भएकोले (प्रेरित ७:९) उसका दाजुहरूले उनमाथि डाहा गरेका थिए। परमेश्वरको निगाहा उनमाथि कस्तो थियो भन्ने कुरा पछिका घट्नाहरूले पुष्टि गर्दछन्। आफ्ना दाजुहरूको खोजिमा लागेका यूसुफले बाटो हराएको थियो। अनि एक जना मानिसले उसलाई भेट्छ र उसका दाजुहरू कतातिर गए भनेर उसलाई सुनाउँछ (उत्पत्ति ३७:१५)। जब उसका दाजुहरूले उसलाई मार्न षडयन्त्र गर्छन् तब रुबनले हस्तक्षेप गरेर उसलाई मार्नुको सट्टा इनारमा फ्याँक्नु भनेर सल्लाह दिन्छन् (उत्पत्ति ३७:२०-२२)।

आफ्नै घरमा मानिसप्रति गरिएको यो जघन्य अपराध र घृणा जगाएको कुरा कल्पना गर्न पनि गा-हो छ। ती युवकहरूले आफ्नै भाइलाई त्यसतो

क्रुरता कसरी देखाउन सक्यो होला? आफूहरूले त्यसो गर्दा आफ्ना बाबुलाई कस्तो प्रभाव पार्नेछ भन्ने कुरा के तिनीहरूले एक क्षण पनि सोचेनन् होला? आफूहरूलाई भन्दा यूसुफलाई बढि माया गरेकोले आफ्ना बाबुप्रति पनि तिनीहरूको रिस थिए होलान्। तैपनि आफ्नै भाइ दवाएर कठोर तथा क्रुर दुर्व्यवहार गर्नु अत्यन्तै निन्दनीय थियो। मानव हृदय कतिको दुष्ट र खराब हुँदो रहेछ भन्ने कुरो प्रभावकारीरूपमा प्रकट गरिएको त्यो ज्वलन्त उदाहरण थियो।

"ती दाजुहरूले आफ्नो भाइप्रति देखाएको क्रुरतामा वा बदला लिएको कदममा कोही दाजुहरूमा असजिलो भएको पनि अनुभव गरेका थिए। अनि तिनीहरूले केही यात्रुहरू तिनीहरूतिर आइरहेको तिनीहरूले देखे। यिनीहरू इश्माएलीहरू थियो जो जोर्डन पारिबाट आएका थिए। तिनीहरू मसला, अत्तर र अरूको ब्यापार गर्दथे। तिनीहरू मिश्र देशमा जाँदै थिए। ती बिदेशी तथा परमेश्वरलाई विश्वास नगर्नेहरूलाई आफ्नो भाइलाई बेच्ने यहूदाले प्रस्ताव राखे किनकि इनारमा त्यत्तिकै मर्नदिनुभन्दा बरू बेचिदिने नै उत्तम हुन्छ भनेर उनले सोचेका थिए। भाइलाई मार्नुको सट्टा जसरी भएपनि जिउन दिए भने आफूहरू रगतबाट चोखो हुनेछ भनेर ती दाजुहरूले सोचेका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. २११बाट रूपान्तरित।

यूसुफ इनारमै मरोस् वा पछि मार्ने भनेर तिनीहरूले योजना बनाइरहेको बेलामा एउटा व्यापारी यात्रुहरू आउँछन्। तिनीहरूलाई नै यूसुफलाई बेच्ने यहूदाले प्रस्ताव राख्छन् (उत्पत्ति ३७:२६,२७)। यूसुफलाई मिद्यानीहरूको हातमा बेच्दछन् र तिनीहरूले एक जना मिश्रीलाई उसलाई बेच्दछन् (उत्पत्ति ३७:३६)। दाजुहरूको कठोरता नै यूसुफको निम्ति भाग्य खोल्ने रहेछ भन्ने कुरो न त उसलाई थाहा थियो न त उसका दाजुहरूलाई।

**हामीमा भएका खराब आदत वा स्वभावहरूलाई बदल्न परमेश्वरको शक्तिको खोज गर्नु किन आवश्यक छ? नत्रभने तपाईंले नसोचिकन नै ती स्वभावहरूलाई प्रकट गर्ने सम्भावना भएको हुन्छ, हुँदैन र?**

## ३. यहूदा र तामार

यस परिवेशमा तामारको कथा उल्लेख गरिएको उपयुक्त नै मान्नुपर्दछ। यो घट्ना यूसुफलाई मिश्रीहरूको हातमा बेचेपछि (उत्पत्ति ३८:१) को हो। आफ्ना दाजुभाइहरूसँग नमिलेकै कारणले यहूदा तिनीहरूलाई छोडेको देखिन्छ। फेरि यहूदाले जे नराम्रो काम गरेतापनि आखिरमा आएर मुक्तिको

लागि सकारात्मक हुन गएको ईश्वरीय ज्ञानले देखाउँछ। परमेश्वरको छत्रछायाँमा खराब कुरालाई पनि असलमा बदल्न सक्नुहुन्छ भन्ने कुरो यसमा र बाइबलका अरू बृतान्तहरूले हामीलाई देखाएको छ।

कनानी वा मूर्तिपूजा गर्ने तामारप्रति यहूदाले गरेको व्यवहार उत्पत्ति ३८मा पढ्नुहोस्। तिनीहरूमा कुन् धर्मी? यहूदा कि विदेशी वा अन्यजाति तामार? हेर्नुहोस्, "१ त्यस बेला यहूदाचाहिँ आफ्ना दाजुभाइहरूलाई छोड़ेर तलतिर हीरा नाउँ भएको कुनै एक अदुल्लामवासीकहाँ गए। २ त्यहाँ यहूदाले शूआ नाउँ भएको कुनै कनानीकी छोरीलाई देखे। उनले तिनलाई विवाह गरेर तिनीकहाँ गए। ३ तिनी गर्भवती भएर एउटा छोरो जन्माइन्, र त्यसको नाउँ एर् राखियो। ४ तिनी फेरि गर्भवती भएर अर्को छोरो जन्माइन्। तिनले त्यसको नाउँ ओनान राखिन्। ५ फेरि तिनले एउटा छोरो जन्माइन्, र तिनले त्यसको नाउँ शेलह राखिन्। तिनले त्यसलाई जन्माउँदा यहूदाचाहिँ कजीबमा बस्दैथिए। ६ यहूदाले उनको जेठो छोरो एर्‌को निम्ति एउटी पत्नी ल्याइदिए। तिनको नाउँ तामार थियो। ७ तर यहूदाको जेठो छोरो एर् परमप्रभुको दृष्टिमा दुष्ट थियो, र परमप्रभुले त्यसको प्राण लिनुभयो। ८ तब यहूदाले ओनानलाई भने, "तेरी भाउज्यूकहाँ जा, र देवरले गर्नुपर्ने कर्तव्य गर, र तेरा दाजुको निम्ति सन्तान उत्पन्न गर्।" ९ तर सन्तान आफ्नो नहुने जानेर ओनानले भाउज्यूकहाँ जाँदा दाजुको सन्तान नहोस् भन्ने हेतुले वीर्यचाहिँ भूइँमा पतन गर्थ्यो। १० त्यसले गरेको यो काम परमप्रभुको दृष्टिमा खराब ठहरियो, र उहाँले त्यसको पनि प्राण लिनुभयो। ११ तब यहूदाले आफ्नी बुहारी तामारलाई भने, "मेरो छोरो शेलह ठूलो नहोउञ्जेल विधवा नै भएर तिम्रा बाबुको घरमा बस।" किनभने शेलह त्यसका दाजुहरूजस्तै मर्छ कि भनेर उनी डराए। यसकारण तामार गएर आफ्नो माइतमा बसिन्। १२ रहँदा-बस्दा एक दिन शूआकी छोरी यहूदाकी पत्नी मरिन्। शोक गर्ने समय बितिसकेपछि यहूदा उनका मित्र अदुल्लामवासी हीरालाई साथमा लिएर तिम्नामा उनका भेड़ा कत्रनेहरूकहाँ गए। १३ ससुरा भेड़ा कत्रनलाई तिम्नामा जाँदैछन् भन्ने खबर तामारले पाएर १४ विधवाको लुगा फुकाली घुम्टो हालेर भेष परिवर्तन गरी तिम्नाको बाटोमा भएको एनैम सहरको ढोकामा बसिन्। किनकि शेलह ठूलो भइसकेर पनि त्यसकी पत्नी हुन नपाएकी तिनले देखिन्। १५ तिनले मुख छोपेकी हुनाले यहूदाले तिनलाई देखेर वेश्या भनी ठाने। १६ सड़कको किनारमा गएर उनले तिनलाई भने, "लौ, मलाई तिमीकहाँ आउन देऊ।" किनभने आफ्नै बुहारी हो भनी उनलाई थाहा थिएन।

तिनले भनिन्, "तपाईं मकहाँ आउनुहुन्छ भने मलाई के दिनुहुन्छ?" १७ उनले
जवाफ दिए, "बगालबाट म तिमीलाई एउटा पाठो दिनेछु।" तिनले भनिन्,
"तपाईंले त्यो नपठाउञ्जेल मसँग केही चीज बन्धकी राख्नुहुन्छ कि?" १८
यहूदाले भने, "म के बन्धकी राखूँ?" तिनले भनिन्, "तपाईंको छाप र त्यसको
डोरी, र तपाईंको हातको यो लट्ठी राखे हुन्छ।" यसैले यहूदाले तिनलाई ती
चीजहरू दिए, र तिनीसँग सहवास गरे। अनि उनीबाट तिनी गर्भवती भइन्। १९
तब तिनी उठेर गइहालिन्, र घुम्टो फुकालेर फेरि विधवाको लुगा लगाइन्।
२० यहूदाले आफ्ना बन्धकीका चीजहरू ती स्त्रीबाट निखन्नलाई आफ्ना मित्र
अदुल्लामवासीको हातमा एउटा पाठो पठाइदिए। तर उनले तिनलाई भेट्टाएनन्।
२१ "एनैममा बाटोको छेउमा बस्ने वेश्या कहाँ छ?" भनेर उनले त्यस ठाउँका
मानिसहरूलाई सोधे। तिनीहरूले "यहाँ कुनै वेश्या छैन" भने। २२ तब उनी
यहूदाकहाँ फर्केर आई भने, "मैले त त्यसलाई भेट्टाइनँ। त्यस ठाउँका
मानिसहरूले पनि 'यहाँ कुनै वेश्या छैन' भने।" २३ यहूदाले भने, "ती चीजहरू
त्यसैले राखोस्, नत्रता हामीलाई लाज हुनेछ। हेर, मैले यो पाठो पठाएकै हो, तर
हामीले त्यसलाई भेट्टाएनौं।" २४ प्रायः तीन महिनापछि 'तिम्री बुहारी तामार
वेश्याकी चालमा चलेकी छे, र बेश्यापनबाट गर्भवती पनि भएकी छे' भन्ने खबर
यहूदालाई सुनाइयो। तब यहूदाले भने, "त्यसलाई यहाँ ल्याएर जलाइदेओ।"
२५ तिनलाई त्यहाँ ल्याउँदाल्याउँदै तिनले आफ्ना ससुरालाई यसो भनिपठाइन्,
"यी चीजहरू जसका हुन्, तिनैबाट म गर्भवती भएकी हुँ।" अनि तिनले भनिन्,
"हेर, यो छाप, यो डोरी र यो लट्ठी कसका हुन्?" २६ तब यहूदाले ती चीजहरू
आफ्ना हुन् भनी स्वीकार गरेर भने, "त्यो त मभन्दा पनि धर्मी रहिछ, किनभने
मैले मेरा छोरा शेलह त्यसका पति हुनलाई दिइनँ।" त्यसपछि उनले तिनीसँग
फेरि सहवास गरेनन्। २७ सुत्केरी हुने बेलामा तिनको गर्भमा जुम्ल्याहा रहेछन्
भन्ने थाहा भयो। २८ तिनलाई सुत्केरी व्यथा लाग्दा एउटाचाहिँले हात बाहिर
निकाल्यो, र सुँड़नीले त्यसको हातमा एउटा रातो धागो यसो भनेर बाँधी, "पहिले
जन्मेको यही हो।" २९ तर त्यसले आफ्नो हात फेरि भित्र लगेपछि त्यसको
भाइचाहिँ पो जन्म्यो। र त्यसले भनी, "ए तैंले यस्तो बलजफत गर्ने!"यसकारण
त्यसको नाउँ फारेस राखियो। ३० पछिबाट हातमा रातो धागो बाँधिएको चाहिँ
जन्म्यो। त्यसको नाउँचाहिँ जेरह राखियो।"

यहूदाले कनानी स्त्रीसँग विवाह गर्छन् (उत्पत्ति ३८:२)। उनबाट तीन छोराहरू जन्मन्छन्। तिनीहरूको नाउँ एर, ओनान र शेलाह थिए।

यहूदाले आफ्नो जेठो छोरो एरलाई कनानी स्त्री तामारसँग बिवाह गरिदिन्छन्। यहूदाले आफ्नो बंशलाई कायम राख्न चाहेका थिए। जब परमेश्वरले एर र ओनानलाई मार्नुहुन्छ तब त्यसबेलाको चलन अनुसार तामारलाई आफ्नो कान्छो छोरोसँग विवाह गरिदिने कबुल गर्दछन्।

केही समयपछि यहूदाले आफ्नो कबुल विर्सेको जस्तो देखिन्छ। आफ्नी श्रीमतीको मृत्युपछि यहूदा मन बहलाउन तिम्नामा जान्छन्। त्यो तामारको माइतिघरको गाउँ थियो। त्यसबेला यहूदाले गरेको वचन पूरा गर्न तामारले वेश्याको भूमिका खेल्छिन्। तामार भेष बदलेर वा विधुवाको लुगा फुकालेर बाटोमा ग्राहकको निम्ति पर्खेको जस्तै गरेर बसेको बेलामा यहूदा त्यहाँ आइपुग्छन्। तिनी आफ्नी बुहारी हुन् भन्ने कुरा उनलाई थाहा थिएन तर उनीसँग सहवास गर्न प्रस्ताव राख्छन्। वेश्यालाई दिने पैसा यहूदासँग थिएन। त्यसकारण उनले आफ्नो बगालबाट एउटा बाख्रा दिने कबुल गर्छन्। तामारले तुरन्तै जमानतको रूपमा यहूदासाग औँठी, डोरी र लठ्ठी दिन आग्रह गर्छिन्, सो यहूदाले उनलाई दिन्छन्। यसरी विशेष ढँगले तामारले पेट बोक्छिन्। आफ्नी बुहारी बेश्या भइन् र कसैबाट पेट बोकिन् भन्ने खबर पाएपछि यहूदाले उनलाई मार्न अऱ्हाउँछिन्। जब तामारले आफूसँग भएको औँठी, डोरी र लठ्ठीलाई देखाएर मैले उनैबाट पेट बोकेकी हुँ भनेर सबुद प्रमाणा पेश गर्छिन्। यो देखेर चकित भएको यहूदाले माफी माग्छन्। यस नीच कथाको अन्त्य तामारले जुम्ल्याहा जन्माएर हुन्छ। उनको गर्भबाट निस्किएको पहिलो छोरो पेरेज भनेर नाउँ दिन्छ, त्यसको अर्थ "भाँचेर वा जबरजस्ती आउनु" हो जसरी याकूब पनि आफ्नो दाजु एसाबको खुट्टा तानेर जन्मेका थिए। याकूब पछि जन्मेको भएतापनि जेठो छोरो हुन पुगेको थियो वा जेठो छोरोको अधिकार लिएका थिए। दोस्रो छोरो जेरह रातो धागो बाँधिएर निस्केको थियो। जेरहको अर्थ थियो मुक्ति। यो नै दाउद राजको पूर्खा हुन पुगेको थियो (रुथ ४:१८-१९) र अन्तमा आएर येशू ख्रीष्ट त्यही घरानमा जन्मिनुभएको थियो (मत्ती १:३)। येशूको बंशावलीमा तामार पहिलो स्त्री थिइन्, पछि राहाब (मत्ती १:५), रुथ (मत्ती १:५,६) र युरियाहकी श्रीमती (मत्ती १:६)। येशूको वंशावलीमा अर्को स्त्रीको नाउँ पनि जोडिएको छ, त्यो हो मरियम जो येशूको आमा हुन पुगिन् (मत्ती १:१६)।

एउटा पाठ हामीले यस कथाबाट सिक्न सक्छौँ: जसरी आफ्नो अनुग्रहले तामारलाई उद्धार गर्नुभयो अर्थात् दुष्ट तत्वलाई असलमा परिवर्तन

गर्नुभयो, त्यसरी नै येशूको क्रूसद्वारा उहाँका जनहरूलाई पनि उद्धार गर्नुहुनेछ भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं। र यूसुफकै मामिलामा हामी हेऱ्यौं भने उनका समस्या वा दुःखकष्टलाई याकूब र उनका छोराहरूलाई उद्धार गर्ने परिस्थिति परमेश्वरले सृजना गर्नुभएको थियो।

## ४. यूसुफ, मिश्र देशमा दास

अब यूसुफले सामना गर्नुपरेका केही अत्यन्तै उल्लेखनीय नैतिक चुनौतिहरू हामीले हेर्नेछौं। नैतिकताको बारेमा तामारको कथाले एक छिन हामी हेऱ्यौं। अब हाम्रो ध्यान यूसुफतिर लगाउँछौं। उनलाई मिश्र देशको एक जना सैनिक हाकिमलाई बेचिन्छ। त्यो सैनिक राजकीय कर्मचारीहरूलाई थुन्नेको झ्यालखानाहरूको हाकिम थियो (उत्पत्ति ४०:४, उत्पत्ति ४१:१०-१२)।

**उत्पत्ति ३९ पढ्नुहोस्। यूसुफ अब पोटिफरको घरको सर्बेसर्वा भएका थिए। घरको रेखदेख गर्ने र सम्पूर्ण व्यवस्थापन उनको हातमा सुम्पिएको थियो। उनमा के गुणहरू थिए जसले गर्दा उनी अरूहरूको प्रियपात्र हुन पुगे? हेर्नुहोस्, "१ अब योसेफ मिश्रमा लगिए, र फारोका एउटा अधिकृत, अङ्गरक्षकका कप्तान पोतीफर भन्ने एक जना मिश्रीले तिनलाई त्यहाँ ल्याउने इश्माएलीहरूका हातबाट किने। २ परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, र त्यहाँ तिनको उन्नति भयो। तिनी आफ्ना मिश्री मालिकको घरमा बस्थे। ३ तिनका मालिकले परमप्रभु तिनको साथमा हुनुभएको र तिनले गरेका सबै काममा परमप्रभुले उन्नति गराउनुभएको देखे। ४ यसैले उनको निगाह योसेफमाथि रह्यो। योसेफले उनको सेवा-शुश्रूषा गर्थे। उनले तिनलाई आफ्नो घरको मुख्य कारिन्दा तुल्याएर उनीसँग भएका सब थोकको जिम्मा तिनलाई दिए। ५ उनले तिनलाई आफ्नो घरको र आफूसँग भएका सबै कुराको मुख्य कारिन्दा तुल्याएको समयदेखि परमप्रभुले योसेफको खातिर त्यस मिश्रीको घरमा आशिष् दिनुभयो। परमप्रभुको आशिष् उनको घरबार, अन्न-खेत र सबै कुरामाथि थियो। ६ यसैले आफूसँग भएका सबै उनले योसेफको जिम्मामा छोड़िदिए। आफूले खाने भोजनबाहेक आफूसँग भएको अरू कुनै कुराको विषयमा उनी वास्ता राख्दैनथिए। योसेफ सुन्दर र हेर्नमा राम्रा थिए। ७ केही समयपछि तिनका मालिककी पत्नीले योसेफमाथि नजर लगाएर भनिन्, "मसँग सुत्।" ८ तर तिनले अस्वीकार गरेर आफ्ना मालिककी पत्नीलाई भने, "हेर्नुहोस्, म यस घरमा भएकोले गर्दा मेरा मालिकलाई यस घरमा भएको कुनै कुराको पनि फिक्री छैन,**

र उहाँसँग भएका सबै कुरा उहाँले मेरै जिम्मामा दिनुभएको छ। ९ यस घरमा मभन्दा ठूलो कोही छैन। उहाँले तपाईंबाहेक सबै कुरा मलाई दिनुभएको छ, किनभने तपाईं उहाँकी पत्नी हुनुहुन्छ। तब कसरी यस्तो घोर दुष्ट काम गरेर परमेश्वरको विरुद्धमा मैले पाप गर्नु?" १० अनि तिनले दिनदिनै योसेफसँग कुरा गरे तापनि तिनीसित सुत्न अथवा तिनीसित बस्न योसेफ मानेनन्। ११ एक दिन योसेफ आफ्नो काम गर्न घरभित्र गएका थिए। घरमा अरू कोही काम गर्ने मानिस थिएन। १२ तिनले योसेफको लुगा समातेर भनिन्, मसित सुत्।" तर आफ्नो लुगा तिनकै हातमा छोड़ेर योसेफ भागे, र घरबाट बाहिर निस्के। १३ योसेफले आफ्नो लुगा तिनकै हातमा छोड़ेर घरबाट निस्केका देखेर १४ तिनले आफ्ना घरका नोकरहरूलाई बोलाएर भनिन्, "हेर, मेरा स्वामीले त यहाँ एक हिब्रू हाम्रो बेइज्जत गर्न ल्याउनुभएको रहेछ। त्यो मसित सुत्नलाई यहाँभित्र आयो, र म चिच्च्याएर कराएँ। १५ म चिच्च्याएर कराएकी सुनी त्यसले आफ्नो लुगा मसँग छोड़ेर भाग्यो, र घरबाट बाहिर निस्क्यो।" १६ तिनका पति घर नआउञ्जेल तिनले त्यो लुगा आफ्नै साथमा राखिन्, १७ र उनी आएपछि तिनले यसो भनेर उही कुरा उनलाई पनि सुनाइन्, "हामीकहाँ तपाईंले ल्याउनुभएको त्यो हिब्रू नोकर मेरो बेइज्जत गर्नलाई यहाँ भित्र आयो। १८ तर म चिच्च्याएर कराउने बित्तिकै त्यसले आफ्नो यो लुगा मकहाँ छोड़ी भागेर घरबाट निस्क्यो।" १९ "तपाईंको नोकरले मसँग यस्तो व्यवहार गऱ्यो" भन्ने कुरा जब योसेफका मालिकले आफ्नी पत्नीको मुखबाट सुने तब उनी रीसले राँकिए। २० उनले योसेफलाई राजाका कैदीहरू थुनिने झ्यालखानमा लगेर हालिदिए। योसेफ त्यसरी झ्यालखानमा परे। २१ तर परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, र उहाँले तिनीमाथि टिठ्याउनुभयो, अनि तिनलाई झ्यालखानका हाकिमको निगाहपात्र बनाउनुभयो। २२ यसकारण झ्यालखानका हाकिमले त्यस झ्यालखानमा भएका सबै कैदीहरू योसेफको जिम्मामा राखिदिए। त्यहाँ जे-जे काम हुन्थ्यो ती सबै योसेफकै खटनमा हुन्थ्यो। २३ योसेफको जिम्मामा राखिएको कुनै कुरामा पनि झ्यालखानका हाकिमले केही फिक्री गर्दैनथिए, किनभने परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो। योसेफले जे गरे तापनि परमप्रभुले तिनलाई त्यसमा सफल गराउनुहुन्थ्यो।"

तुरुन्तै, यूसुफ सफल मानिस भए भनेर उनको बारेमा बाइबलमा चित्रण गर्दछ (उत्पत्ति ३९:२,३)। उनी असल, इमान्दार र मेहनती दास थिए जसले गर्दा उनको मालिले उनीमाथि पूरा भरोसा र विश्वास राखे। मालिकले

आफ्नो भएको सबै थोक उनको जिम्मामा छोडिदिएको थियो र घरको मूख्य कारिन्दा बनाएका थिए (उत्पत्ति ३९:४)।

यूसुफको सफलताले उनलाई भ्रष्ट बनाउँदैन। हट्ठाकट्ठा, सुन्दर र खाइलाग्दो नवजवान युवक देखेर पोटिफरकी श्रीमतिको आँखा उनमाथि परेको थियो। कतिपय समयमा आफूसँग सुत्न उनले यूसुफसँग आग्रह गरेकि थिइन्। तर उनको अनुरोधलाई यूसुफले उनले ठाडै अस्वीकार गर्छन् र बरु आफ्नो काम छोड्न तयार हुन्छन र भन्छन्, "यस्तो दुष्ट काम मैले कसरी गर्ने र परमेश्वरको विरुद्धमा पाप गर्ने?" (उत्पत्ति ३९:९)। आफूसँग सुत्न यूसुफको अस्वीकारले त्यस स्त्री आफू अपमानित भएको महसुस गर्छिन् र उनका अरू नोकरहरू र श्रीमानलाई यूसुफले उनलाई बलात्कार गर्न खोजे भनेर झुटो आरोप लगाउँछिन्। त्यसको फलस्वरूप, सफलताको चुचुरोमा पुगेका यूसुफ झ्यालखानामा जाकिन्छन्।

यस्तो बेलामा यूसुफलाई के भयो होला? त्यस्तो विषम परिस्थितिमा हामी पर्दा हामीले पनि त्यही सोच्छौंः परमेश्वरले मलाई त्याग्नुभयो। तर खुशी लाग्दो कुरो के थियो भने यस्तो कठिन समयमा पनि परमेश्वर उनीसँग हुनुहुन्थ्यो (उत्पत्ति ३९:२१)। परमेश्वर चुपलागेर बस्नुभएको थिएन। झ्यालखानाको हाकिमको निगाहा यूसुफमाथि पार्न परमेश्वरले प्रभाव पार्नुभएको थियो। यहाँ पनि पोटिफरको घरमा जस्तै परमेश्वरले उनलाई आशिष दिनुहुन्छ। उनमा एउटा खुबीको सराहना गर्नुपर्छ। जुनसुकै परिस्थितिलाई पनि उनले उत्तम बनाउन चाहेका थिए। झ्यालखानमा उनी दासै थिए। निराश र विषम परिस्थितिलाई उनले टाउकोमा हात राखेर बिचल्लित भएनन्। बरू त्यसबाट कसरी उम्किने नसोचि त्यसलाई कसरी सकारात्मक बनाउने भन्ने सोचमा उनी थिए। तर जे भएतापनि बाइबल स्पष्ट छ कि उनमा भएको बरदान वा प्रतिभालाई सञ्चालन गर्ने परमेश्वरनै हुनुहुन्थ्योः "२१ तर परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, र उहाँले तिनीमाथि टिठ्याउनुभयो, अनि तिनलाई झ्यालखानका हाकिमको निगाहपात्र बनाउनुभयो। २२ यसकारण झ्यालखानका हाकिमले त्यस झ्यालखानमा भएका सबै कैदीहरू योसेफको जिम्मामा राखिदिए। त्यहाँ जे-जे काम हुन्थ्यो ती सबै योसेफकै खटनमा हुन्थ्यो। २३ योसेफको जिम्मामा राखिएको कुनै कुरामा पनि झ्यालखानका हाकिमले केही फिक्री गर्दैनथिए, किनभने परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो। योसेफले जे गरे तापनि परमप्रभुले तिनलाई त्यसमा सफल गराउनुहुन्थ्यो" (उत्पत्ति ३९:२१-२३)।

जो जो खुबी वा प्रतिभाहरूले सजिएका छन् सबै सफलता परमेश्वरबाट नै आउँछ भन्ने कुरा सम्झिनु कति जरुरी छ!

उत्पत्ति ३९:७-१२ फेरि पढ्नुहोस्। पोटिफरकी श्रीमतीको जबरजस्तीलाई यूसुफले कसरी सामना गरे? जुन कुरा त्यस स्त्रीले चाहेकी थिइन् त्यो परमेश्वरको बिरुद्धमा पाप भनेर यूसुफले किन किटान गरे। पाप भनेको के हो र त्यसको स्वभाव कस्तो हो भनेर यूसुफलाई थाहा थियो भनेर त्यस घट्नाले कसरी बताउँछ?

## ५. फारोका सपनाहरू

झ्यालखानामा परेका राजाको राजकीय कर्मचारीहरूले सपना देख्छन्, अनि राजा फारोले पनि सपना देख्छन्। तिनीहरूका सपनाहरूमा आपसी सम्बन्ध के छ? तुलनात्मकरूपमा हेर्दा ती सपनाहरू किन उल्लेखनीय छन्? हेर्नुहोस्, "१ केही समयपछि मिश्रका राजाका मुख्य पियाउने र मुख्य पकाउनेले आफ्ना मालिक मिश्रका राजाको विरुद्धमा अपराध गरे। २ फारो आफ्ना यी दुई अधिकृतहरू, अर्थात् मुख्य पियाउने र मुख्य पकाउनेसँग क्रोधित भए। ३ उनले उनीहरूलाई अङ्गरक्षकका कप्तानको घर, अर्थात् झ्यालखानको पहरामा हालिदिए। योसेफ पनि त्यहीं नै थुनामा थिए। ४ अङ्गरक्षकका कप्तानले उनीहरूलाई योसेफको जिम्मामा राखिदिए, र तिनले उनीहरूको देखरेख गर्थे। केही समयसम्म उनीहरू पहरामा नै बसे। ५ एक पल्ट एकै रात झ्यालखानमा परेका मिश्रका राजाका मुख्य पियाउने र मुख्य पकाउने दुवैले आफ्नो—आफ्नो अर्थ भएका सपना देखे। ६ बिहान आउँदा योसेफले उनीहरूलाई अफसोस गरिरहेका देखे। ७ यसकारण तिनले आफ्ना मालिकको कैदमा रहेका फारोका ती दुई अधिकृतहरूलाई सोधे, "आज किन तपाईंहरूको मुख दुःखी छ?" ८ उनीहरूले तिनलाई भने, "हामीले सपना देख्यौं, तर तिनको अर्थ खोलिदिने कोही पनि छैन।" योसेफले उनीहरूलाई भने, "सपनाको अर्थ त परमेश्वरकै हातमा हुँदैन र? मलाई तपाईंहरूका सपना बताउनुहोस्।" ९ तब मुख्य पियाउनेले चाहिँ आफ्नो सपना योसेफलाई यसरी बताए। "मेरो सपनामा मेरो सामुन्ने एउटा दाखको बोट थियो। १० दाखको बोटमा तीन वटा हाँगाहरू थिए। त्यसमा टुसा पलाएपछि फूलहरू पनि ढकमक्क लागे, र दाखका झुप्पाहरू लटरम्म भएर पाके। ११ फारोको कचौरा मेरो हातमा थियो, र मैले दाख लिई निचोरेर फारोको कचौरामा हाले, र त्यो कचौरा फारोको बाहुलीमा टऱ्याएँ।" १२ योसेफले उनलाई भने, "यसको अर्थ यही होः तीन हाँगाहरू भनेको तीन दिन

हो। १३ तीन दिनभित्रै फारोले तपाईंको शिर ठाड़ो पारिदिनुहुनेछ, र फेरि तपाईंको आफ्नो काम दिनुहुनेछ, र तपाईं अघि उहाँका मुख्य पियाउने हुनुहुँदाजस्तै फेरि फारोको कचौरा उहाँको बाहुलीमा टक्र्याउनुहुनेछ। १४ तर जब तपाईंको भलो हुनेछ तब मलाई पनि सम्झनुहोला। कृपा गरी फारोसँग मेरो विषयमा कुरा उठाएर मलाई यस झ्यालखानबाट निकालिदिनुहोला, १५ किनकि मलाई वास्तवमा हिब्रूहरूको देशबाट चोरी गरेर ल्याएको हो, र यहाँ पनि झ्यालखानमा पर्ने काम मैले केही गरेको थिइनँ।" १६ सपनाको अर्थ असल भएको देखेर मुख्य पकाउनेले पनि योसेफलाई भने, "मैले पनि यस्तो एउटा सपना देखें। मेरो टाउकोमा रोटीका तीन वटा टोकरी थिए। १७ माथिल्लो टोकरीमा फारोको निम्ति पकाएका अनेक किसिमका खानेकुरा थिए। तर मेरो टाउकोमा भएको टोकरीबाट चराहरूले ठुँगी-ठुँगी खाइरहेका थिए।" १८ योसेफले भने, "यसको अर्थ यही होः तीन वटा टोकरीहरूचाहिँ तीन दिन हो। १९ तीन दिनभित्रै फारोले तपाईंको शिर उड़ाइदिनुहुनेछ, र तपाईंलाई रूखमा झुण्ड्याइदिनुहुनेछ। र चराहरूले तपाईंको मासु ठुँगी-ठुँगी खानेछन्।" २० तेस्रो दिन फारोको जन्मदिन थियो। त्यस दिन उनले आफ्ना सबै अधिकृतहरूलाई भोज दिए, र यी अधिकृतहरूका अगि ल्याएर उनले मुख्य पियाउने र मुख्य पकाउनेलाई खड़ा गरे। २१ उनले मुख्य पियाउनेलाई चाहिँ आफ्नै काममा फेरि नियुक्त गरे, र यिनले फारोलाई कचौरा टक्र्याउने गरे। २२ तर योसेफले उनीहरूका सपनाको अर्थ खोलिदिएझैं मुख्य पकाउनेलाई चाहिँ फारोले झुण्ड्याइदिए। २३ तापनि मुख्य पियाउनेले योसेफलाई सम्झेनन्, तर तिनलाई बिर्सिहाले" (उत्पत्ति ४०) र "१ यसको पूरा दुई वर्षपछि फारोले एउटा सपना देखे। सपनामा उनी नील नदीको किनारमा उभिरहेका थिए। २ नील नदीबाट सात वटा खूब सप्रेका मोटा-मोटा गाईहरू निस्केर आए, र काँसको घारीमा चर्न लागे। ३ त्यसपछि अरू सात वटा हड्डी र छाला मात्र भएका दुब्ला-दुब्ला गाईहरू नील नदीबाट तिनीहरूका पछिपछि निस्के, र नील नदीको किनारमा उभिरहेका पहिलेका गाईहरूसँगै उभिए। ४ ती हड्डी र छाला मात्र भएका दुब्ला-दुब्ला गाईहरूले ती सात वटा सप्रेका मोटा-मोटा गाईहरूलाई खाइहाले। अनि फारो ब्यूँझे। ५ त्यसपछि उनी फेरि निदाए, र अर्को एउटा सपना देखे। सात वटा भरिला र असल अनाजका बाला एउटै डाँठमा उम्रिरहेका थिए। ६ त्यसपछि सेप्रा र पूर्वीय बतासले ओइलाएका अरू सात वटा अन्नका बालाहरू पसाए। ७ अनि ती सेप्रा बालाहरूले ती सात वटा असल र भरिला बालाहरूलाई

निलिहाले। अनि फारो ब्यूँझे। त्यो सपना रहेछ भनी उनलाई थाहा भयो। ८
बिहान उनको हृदयमा भारी चिन्ता पर्‍यो, अनि उनले मिश्रका सबै जादूगर र
त्यहाँका सबै ज्ञानी पुरुषहरूलाई बोलाए। फारोले तिनीहरूलाई आफ्ना सपना
बताए। तर फारोलाई सपनाको अर्थ खोलिदिने त्यहाँ कोही भएन। ९ तब ती
मुख्य पियाउनेले फारोलाई भने, "मेरो भूल आज मलाई थाहा भयो। १० फारोले
आफ्ना नोकरहरूसँग रिसानी भएर मलाई र मुख्य पकाउनेलाई अङ्गरक्षकका
कप्तानको कैदखानामा राख्नुहुँदा ११ एउटै रात उनले र मैले आफ्नो-आफ्नै
अर्थ भएका सपना देखेका थियौं। १२ त्यहाँ अङ्गरक्षकका कप्तानको एकजना
जवान हिब्रू नोकर हामीसँग थियो, र जब हामीले त्यसलाई हाम्रा सपना बतायौं,
हामी दुवैको आफ्नो-आफ्नो सपनाअनुसार सपनाको अर्थ त्यसले हामीलाई
खोलिदियो। १३ त्यसले हामीलाई जस्तो अर्थ खोलेको थियो, त्यस्तै हुनआयो।
म आफ्नो काममा फेरि नियुक्त भएँ, तर त्यो मुख्य पकाउनेचाहिँ झुण्ड्याइयो।"
१४ यसैकारण फारोले योसेफलाई बोलाउन पठाए, र उनीहरूले तिनलाई
झ्यालखानबाट निकालेर ल्याए। तिनले दाह्री र कपाल खौरे, र लुगा फेरे। अनि
तिनी फारोको सामुन्ने हाजिर भए। १५ फारोले योसेफलाई भने, "मैले एउटा
सपना देखें। तर यहाँ कसैले त्यसको अर्थ बताउन सकेन। मैले तेरो विषयमा
सुनें, कि सपना सुनेपछि तैंले अर्थ खोल्न सक्छस् रे।" १६ योसेफले फारोलाई
भने, "यस्तो ज्ञान त ममा छैन। तर परमेश्वरले फारोलाई यथार्थ उत्तर
दिनुहुन्छ।" १७ तब फारोले योसेफलाई भने, "मेरो सपनामा म नील नदीको
किनारमा उभिरहेको थिएँ। १८ अनि सात वटा खूब सप्रेका मोटा गाईहरू नील
नदीबाट निस्केर काँसको घारीमा चर्न लागे। १९ त्यसपछि निर्धा र हड्डी र
छाला मात्र भएका दुब्ला-दुब्ला, मैले मिश्रमा कहिल्यै नदेखेका गाईहरू तिनका
पछि लागे। २० ती हड्डी र छाला मात्र भएका दुब्ला गाईहरूले पहिलेका सात
वटा सप्रेका मोटा-मोटा गाईहरूलाई खाइहाले। २१ तर तिनीहरूले ती सात
वटालाई खाइसकेपछि पनि तिनीहरूले खाए भनेर कसैले भन्न सक्दैनथियो,
किनभने तिनीहरू अझै पनि पहिलेजस्तै दुब्लै थिए। तब म ब्यूँझे। २२ मैले
मेरो दोस्रो सपनामा यो पनि देखें– एउटा डाँठमा सात वटा भरिला र असल बाला
पसाए। २३ फेरि ओइलाएका, सेप्रा र पूर्वीय बतासले हानेका सात वटा
बालाहरू त्यसपछि पसाए। २४ ती सेप्रा बालाहरूले ती सात वटा असल
बालाहरूलाई निलिहाले। मैले जादूगरहरूलाई पनि यो सपना बताएँ, तर मलाई
यसको अर्थ खोलिदिन कसैले पनि सकेन।" २५ तब योसेफले फारोलाई भने,

"फारोका सपनाहरू एउटै हो। परमेश्वरले जे गर्न लाग्नुभएको छ सो फारोलाई प्रकट गर्नुभएको छ। २६ ती सात वटा खूब सप्रेका मोटा-मोटा गाईहरू सात वर्ष, र ती सात वटा असल बालाहरू पनि सात वर्ष नै हुन्। सपना एउटै हो। २७ तिनका पछिपछि आउने हड्डी र छाला मात्र भएका दुब्ला गाईहरू सात वर्ष हुन्। र ती सात वटा पूर्वीय बतासले हानेका सेप्रा बालाहरू पनि अनिकालका सात वर्ष हुन्। २८ "यो मैले फारोलाई निवेदन गरेजस्तै हो– आफूले गर्न लाग्नुभएको कार्य फारोलाई परमेश्वरले देखाउनुभएको हो। २९ मिश्रदेशभरि जतातत‍ै सात वर्षसम्म ठूलो सहकाल हुनेछ, ३० तर त्यसपछि अनिकालका सात वर्ष आउनेछन्, र मिश्रभरि त्यो सहकालको समय बिर्सिनेछ, र अनिकालले देश स्वाहा पार्नेछ। ३१ पछिबाट आउने अनिकालले गर्दा देशमा भएको सहकालको यादै रहनेछैन, किनभने त्यो अनिकाल अति भयानक हुनेछ। ३२ फारोको यो सपना दोहोरिएको अर्थचाहिँ यो परमेश्वरले निर्णय गरिसक्नुभएको छ, र परमेश्वरले चाँडै नै पूरा गर्नुहुनेछ। ३३ यसकारण अब फारोले एउटा चतुर र बुद्धिमान् मानिस छानेर सारा मिश्रदेशमा अधिकार चलाउन नियुक्त गर्नुहोस्। ३४ फारोबाट सहकालका सात वर्षसम्म मिश्रदेशका उब्जनीको पाँचौं हिस्सा उठाउनलाई देशमा कामदारीहरू नियुक्त होऊन्। ३५ तिनीहरूले आउने सहकालका वर्षहरूका सबै अनाजहरू जम्मा गरून्, अनि सहर-सहरमा खानका निम्ति फारोको अख्तियारमा अनाजहरू थुपारून् र ती सञ्चय गरून्। ३६ अनिकालले देश विनाश हुन नपाओस् भनी मिश्रदेशमा परिआउने ती सात वर्षको अनिकालको निम्ति देशको लागि ती अनाजहरू सुरक्षित राखिऊन्" (उत्पत्ति ४१:१-३६)।

परमेश्वरकै निगरानीमा जुन घट्नुपर्ने घट्नाहरू हुन् सो जारी हुन्छ। यूसुफ झ्यालखानामा परेपछि केही समयमा झ्यालखानको हाकिमले उनलाई कैदीहरूको रेखदेख गर्ने जिम्मा लगाइदिन्छन्। ती कैदीहरूमा दरवारबाट निकालिएका बट्लर वा राजालाई पेय पदार्थ ख्वाउने कर्मचारी र अर्को भान्से थिए (उत्पत्ति ४१:९-११)। एक दिन तिनीहरूले मनलाई नै हल्लाउने गरेर सपना देख्छन्। सपनाको त अर्थ हुनैपर्छ के हो सो तिनीहरूलाई थाहा थिएन। तिनीहरूको सपनाको अर्थ भनिदिने त्यहाँ कोही पनि थिएन (उत्पत्ति ४०:८)। अनि, यूसुफले तिनीहरूलाई सपनाको अर्थ बताइदिन्छन्।

ती दुई राजकर्मचारीहरूले देखेको दुई सपनाहरू जस्तै राजाले पनि दुई सपनाहरू नै देख्छन्। उनले तन्त्रमन्त्र गर्ने, बुद्धिमानी मानिसहरूलाई

उनका सपनाहरूको अर्थ खोलिदिन आग्रह गर्छन्, तर सबै जना अक्कनबक्क हुन्छन् (उत्पत्ति ४१:१-८)। त्यसबेला सायद परमेश्वरले नै सम्झाउनुभएर होला, राजालाई पेय पदार्थ ख्वाउनेले यूसुफलाई सम्झिन्छन्। उनलाई बोलाउन राजालाई आग्रह गर्छन् (उत्पत्ति ४१:१४-२४)। यूसुफलाई राजाले बोलाइ पठाउँछन्। सायद उनको कपाल र दाह्री लामो लामो होला, र लुगा पनि राम्रो थिएन होला वा कैदीले लाउने लुगा होला। राजाले बोलायो भन्ने बित्तिकै उनी हतपत सफा हुन्छन् र लुगा फेर्छन् अनि राजाको सामु बढो फुर्तिसाथ आफूलाई प्रस्तुत गर्छन्। जसरी राजकीय कर्मचारीहरूले झ्यालखानमा बस्दा सपना देख्दा तिनीहरू विचलित भएका थिए, त्यसरी नै राजा पनि विचलित हुन्छन्। ती कर्मचारीहरूले जस्तै राजाले पनि आफ्ना सपनाहरू यूसुफलाई सुनाउँछन् (उत्पत्ति ४१:१४-२४)। यूसुफले परमेश्वरलाई नै जस दिएर उनले देखेका सपनाको अर्थ खोलिदिन्छन्। राजकर्मचारीहरूका सपनाहरू जस्तै राजाले देखेका सपनामा प्रतिक वा सङ्केतहरू हुन्छन्: सात मोटा मोटा र दुव्ला दुब्ला गाईहरू जसको अर्थ दुई खालका बालीहरू। एक खालको बाली मोटो वा प्रसस्त हुन्छ भने अर्को खालको पातलो वा सुख्खा बाली। त्यसको अर्थ मिश्र देशमा श्रृङ्खलावद्धरूपमा असल र खराब वर्षहरू हुने भविष्यवाणी थियो। सात गाईहरू र सात बालीहरूको सपना राजाले देखेकोले तिनीहरूको अर्थ एउटै हो भनेर दोहोऱ्याएको थियो। यूसुफले देखेको सपना जस्तै राजाले देखेका सपनाहरूमा पनि परमेश्वरको हात छ भनेर देखाएको थियो (उत्पत्ति ४१:३२, उत्पत्ति ३७:९)। सारा बुद्धिजीविहरूको माझमा यूसुफ एक्लो भएर सपनाको अर्थ खोलिदिने खुबी भएको देखाएतापनि त्यसको श्रेय आफूले नलिकन परमेश्वरलाई उनले दिन्छन्। एलोहिम Elohim परमेश्वरले नै के हुनेछ सो राजालाई देखाउनुभएको छ भन्ने कुरामा राजा निश्चित होस् भनेर परमेश्वरको महिमा उनले गरेका थिए (उत्पत्ति ४१:२५,२८)। यस मामिलामा परमेश्वरकै हात छ भन्ने सन्देश पनि राजाले पाएको देखिन्छ, किनकि सहकाल र अनिकालको निम्ति रेखदेख गर्ने मिश्र देशको प्रमुख हुन यूसुफलाई नै चुन्दा उनको जिकिर यो थियो: "३९ तब फारोले योसेफलाई भने, "परमेश्वरले तिमीलाई सबै कुरा देखाइदिनुभएको छ, र तिमीजस्तो चतुर र बुद्धिमान् मानिस अरू छैन। ४० यसकारण मेरो महलको अख्तियार चलाउने तिमी नै भयौ, र तिम्रै आज्ञाअनुसार मेरो समस्त प्रजा चल्नेछ। केवल सिंहासनको सम्बन्धमा मात्र म तिमीभन्दा माथि हुनेछु" (उत्पत्ति ४१:३९-४०)।

यो कस्तो मनलाई नै मुग्ध पार्ने व्यहोरा हो यो! यूसुफ पोतिफरको घरको हाकिमबाट झ्यालखानका कैदीहरूलाई हेर्ने हाकिम हुन्छन् र त्यहाँबाट चढ्दै उनी त्यसबेलाको सभ्यताको चुचुरोमा पुगेको मिश्रदेशको प्रधानमन्त्री हुन पुग्छन्। परमेश्वरलाई धन्यवाद होस्। यो अत्यन्तै प्रभावकारी र शक्तिशाली कथा हो। अत्यन्तै विषम् परिस्थितिलाई पनि परमेश्वरले सबैको हितको निम्ति परिवर्तन गर्नुभयो।

**कतिपय समयमा जब हामी दुःखकष्टको सामना गर्छौं त्यसबेलामा पनि परमेश्वरका आज्ञाहरूलाई कसरी पकडि राख्ने जब उहाँ चुपचाप रहनुभएको जस्तो अनुभव हामीले गरेतापनि?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित पाट्रियार्क एण्ड प्रोफेटसको पृ. २१३-२२३को "यूसुफ इन इजिप्ट।"**

"युवा अवस्थामा यूसुफ र दानिएल आफ्ना घरहरूबाट अलग गरिएका थिए र विदेश र मूर्तिपूजा गर्ने देशमा तिनीहरूलाई बन्दी बनाएर लगेका थिए। यूसुफको निम्ति आफ्नो अनुभव अचाक्ली नै भएको थियो। उनले अपेक्षा नगरेको परिस्थितिमा उनी पुग्दा उनी अत्यन्तै विचलित हुने अवस्थामा थिए। आफ्नो बाबुको घरमा बाबुको घरमा मायालु छोरो भएको र पोतिफरको घरमा दासै भएपनि सम्मानित, भरपर्दो साथी हुन पुगेको थियो। आफ्नो अध्ययन र खोजनीतिमा तल्लिन भएर मानिसहरूसँग हेमचेम गर्छन् र मानिसहरूसँगको कारोबारमा चाहे पोतिफरको घरमा होस् चाहे झ्यालखानमा होसे आफ्नो कुशलता उनले देखाउँछन्। राष्ट्रिय कारागारमा उनी अन्यायपूर्वक कैदी बन्न पुग्छन्। त्यहाँबाट सफाइ पाएर फुत्किने उनको कुनै आशा नै थिएन। तर, राष्ट्रको ठूलो सङ्कटमा उनी एउटा देशको अगुवा नै बन्न पुग्छन्। नैतिकता, शुध्दता, सत्यनिष्ठता र इमान्दारितालाई जोगाउन उनी कसरी सक्षम् भए?....

"परमेश्वरलाई प्रेम गर्ने र उहाँप्रति श्रद्धा कसरी राख्ने भनेर यूसुफलाई बालककालदेखि नै सिकाइएको थियो। आफ्नो बुबाको पालमा सिरिया देशको आकाशलाई उनको बुबाले देखाउँदै बेथेलमा देखेका स्वप्न दर्शनको बारेमा उनलाई सुनाउँथे। कसरी उनले सपनामा आकासै छुने भरेङ्ग देखेका थिए, र त्यहाँ स्वर्गदूतहरू तलमाथि गरिरहेको र भरेङ्गको टुपोको सिहांसनमा रहनुहुने परमेश्वरले उनलाई बोल्नुभएको अत्यन्तै रोचक कथा यूसुफले बारम्बार सुनेका थिए। अझ थपमा नदी यावोक नदीको किनारमा

अत्यन्तै चिन्तित हुँदै, पश्चाताप गर्दै प्रार्थना गरिरहेको बेलामा स्वर्गको जीवनसँग कुस्ती खेल्दा उनी जितेको र परमेश्वरको राजकुमार भन्ने दर्जा उनी पाएको कथा पनि यूसुफको निम्ति प्रेरणादायी भएर उनको दिमागमा बसिरहेको थियो।

"बुबाका भेँडाहरू चराउने गोठाला यूसुफको जीवन साधारण र निर्दोष थियो जसले गर्दा उनी शारीरिक र मानसिक आयाम बिकासमा लाग्न सक्ने भएको थियो। प्रकृति र बुबाले सिकाएका महान् सत्यहरूतिर ध्यान गर्दै परमेश्वरसँग प्रार्थना गर्दथे। बुबाबाट पाएको सत्य आत्मज्ञानलाई आत्मसात् गरेकोले उनको दिमागमा सत्य नीतिहरू गहिरोसँग गाडिएका थिए।


"जब अन्यायपूर्वक बेचिएर यात्रा गर्दा कनानमा रहेको आफ्नो बालककालको घर उनले अन्तिम पटक हेरेका थिए। उनलाई थाहा थिएन मिश्र देशमा उनको भविष्य के हुने हो। तर, पहाडहरूले छोपेको आफ्नो बुबा र आफन्तहरूको पालहरूलाई गहभरी आँशु चुहाएर छोड्नुपर्दा यूसुफले उनको बुबाको परमेश्वरलाई सम्झिरहेका थिए। उनले बालककालमा सिकेका पाठहरू सम्झे र जेभएतापनि आफू स्वर्गको राजाप्रति बफादार भएर बस्ने निर्णय गरेका थिए। परमेश्वरकै नीतिमा चलेर उहाँको सत्य र निष्ठावान भक्त भनेर प्रमाणित गर्ने अठोट उनले लिएका थिए।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. ५१,५२।

**चिन्तनमनन:**

**अ.** **यूसुफको जीवन दानिएल र येशूसँग तुलना गर्नुहोस्। तिनीहरूमा के साझा गुणहरू छन्? यूसुफ र दानिएलले येशूका नीतिहरूलाई कसरी प्रकट गरे र येशू कस्तो हुनुहुन्छ भनेर तिनीहरूले कसरी देखाए?**

**आ.** **हामीले चाहेकै अनुसार कामकुरो वा हाम्रो जीवन ठिकठिक नभएपनि परमेश्वरमाथि भरोसा नै कसरी राखिछोड्ने? यूसुफले जस्तो आफ्नो सम्पूर्ण जीवन परमेश्वरमै राख्न हामीले कसरी सिक्ने?**

## कथा ११
## जिउनुको कारण
## ग्राका म्युन, २५, आङ्गोला



म इसाई परिवारमा जन्मेको थिएँ र त्यही परिवारमा हुर्केको थिएँ। तर आङ्गोलाको राजधानी लुवाण्डामा रहेको चर्चमा जान मलाई कहिल्यै पनि मन परेको थिएन। सानैदेखि चर्चका धार्मिक कक्षाहरूमा नजान मैले धेरै बहानाहरू बनाएँ। म बप्तिस्मा लिन चाहेको थिइनँ। किशोर अवस्थामा नै मैले रक सङ्गीततिर मोह भएको थियो। रक सङ्गीतकारहरूको लुगा र जीवनशैलीहरू मेरो निम्ति उदाहरण बनेको थियो। फेरि त्यसैबेला सैतानका प्रतिकहरूप्रति मेरो आकर्षित भयो। ती प्रतिकहरूप्रति मेरो ठूलो गौरब भयो र मेरो शरीरमा विद्रोहको भावनाले अड्डा जमायो। मेरो हाइस्कूलको धेरै मिल्ने साथी गथ थियो। मैले उसको जीवनशैली अपनाएँ। मैले कालो लुगा लगाउन थालें र मैले नङमा कालो पालिस लगाएँ। मेरो साथीले पनि रक सङ्गीत मन पराउँथ्यो। उसको सुत्ने कोठामा रक सङ्गीतका पोस्टरहरूले भरिएको थियो। त्यसको साथै सैतानका प्रतिकहरू पनि थिए। अनि छिट्टै म गाँजा तान्ने र रक्सी पिउने भएँ।मैले नास्तिकवादलाई खुलेआम प्रचार गरें र येशू त दन्त्यकथा हो भनेर पनि सुनाउन थालें। युवा अवस्थामा म रक सङ्गीत बजाउन थालें। मैले एक जना सङ्गीत साथीलाई भेटें जसले दावी गर्दथ्यो कि ऊ सैतानसँग सम्झौता गरेको छ। उसको अवधारणा मलाई मन पर्‍यो र एकदिन मैले सैतानलाई भनेकि मेरो आत्मा उसको हुनसक्छ यदि म सङ्गीतमा सफल भएँभने।

तर मेरो जीवन भत्किन थाल्यो। मेरी आमा अचानक मरिन् र मेरो जड्याहाँ बुबा झन धेरै रक्सी पिउन थाल्नुभयो। अनि चार जना भाइहरू र बुबाको हेरचाह गर्ने मेरो काँधमा आयो किनकि म सबभन्दा जेठो थिएँ। त्यस असम्भव समस्याले गर्दा मलाई उकुसमुकस भयो। यस सङ्कटको बीचमा म कहिल्यै पनि फेरि रक्सी नखाने र गाँजा नतान्ने प्रण गरें। मैले परमेश्वरसँग प्रार्थना गर्न थालें। मैले रक सङ्गीतको कारोबारलाई त्यागें। मैले एक महिलासँग मित्र बनाएँ जसले मलाई एडभेन्टिस्ट चर्चको बारेमा सुनाइन्। हामी दुवै जना साबथमाको सेवाकार्यक्रमा सरिक हुन थालें।

तर केही समयपछि मेरो छुटपाट भयो। अनि म फेरि पुरानै साथीहरूको सङ्गतमा लाग्न थालें र पुरानै बानीहरूमा लाग्न थालें। तर म त्यत्तिको खुशी थिइनँ। धेरै राती रक्सी र गाँजा तानेर तिल्ल भएर सुतें। आत्महत्या गर्ने सोचहरूले मेरो दिमागमा अड्डा जमाउन थाल्यो। मेरो जीवन निरर्थक र उद्देश्य विहिन भएको महसुस गर्न थालें। अनि म दिक्क भएर रोएँ। परमेश्वरलाई सम्झें र उहाँको सहायताको निम्ति प्रार्थना गरें। म त मरिरहेको जस्तो भएको ठानें र अब केही दिनमात्र म बाँच्छु होला भनेर मैले सोचें। मेरो त्यस दुःखद अवस्था मेरी नयाँ केटी साथीलाई भनें। मेरो भतिजालाई मेरो बारे उनले सुनाइन्। भतिजा भर्खर आङ्गोलामा मनोविज्ञानमा डिग्री लिएर फर्केको थियो। जब ऊ बाहिर पढ्दै थियो त्यसैबेला ऊ एडभेन्टिस्ट पनि भएको थियो। मसँग उसले गरेको सरसल्लाहमा मेरो जीवन परमेश्वरमा निर्माण गर र त्यो कसरी गर्ने भनेर पनि उसले सिकायो।

अनि मेरो जीवनमा परमेश्वरलाई नै पहिलो स्थान दिने निर्णय गरें। म स्वस्थ जीवनशैली अपनाउन थालें। मैले कुनै पनि निर्णय गर्नुभन्दा पहिले प्रार्थना गर्न बानी बसालें र परमेश्वरको चाहनामात्र मैले खोज्न थालें।मेरो जीवनशैलीको भागमा प्रार्थना पनि नियमित हुन थालेको थियो। फेरि नयाँ सपना देख्न साहस आयो। मैले बाँच्नुको अर्थ भेट्टाएको थिएँ। मेरो पुरानो एडभेन्टिस्ट केटी साथीलाई सम्झिन्दै उनको चर्चमा जान निर्णय गरें। साबथको सेवाकार्य कस्तो होला भनेर सोच्न थालें। यो भावनाले मलाई छक्क बनायो। जब चर्चभित्र जाने बित्तिक्कै म बप्तिस्मा लिन चाहें। चर्चको सेवाकार्यक्रम सकेपछि बप्तिस्माको कक्षामा भाग लिन थालें। यसबेला पहिला सानो बेलाको जस्तो थिएन। बप्तिस्माको अर्थ मैले बुझ्न थालें र त्यसको लागि तयार पनि हुन थालें। येशूको प्रेमको वास्तविकतालाई जानेर उहाँलाई बप्तिस्माद्वारा मेरो हृदय दिने चाहना बढ्यो।

आज म यो ठोकुवा गरेर भन्न सक्छु कि म स्वतन्त्र छु। मैले उद्धार पाएको छु। एकदिनपछि अर्को दिनमा म सत्य शान्तिको स्वाद पाउँदै र अत्यन्तै आनन्दले चलिरहेको छ। आखिर मेरो जीवनको उद्देश्य र जिम्मेवारी थाहा पाएँः हाम्रो मुक्तिदाता र सृष्टिकर्ताको साम मानिसहरूलाई ल्याउने। एक जमानामा म मानिसहरूलाई नर्कतिर डोर्याउँथे, तर आज येशूको सहयोगले मानिसहरूलाई स्वर्गतिर तान्दैछु।